# उदयपुरगढी गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय, उदयपुर

# आ.व. २०७७/७८ को वार्षिक समीक्षा

मितिः २०७८ साउन १३ गते

स्थानः गाउँपालिकाको सभाहल


<u>प्रस्तुतकर्ता</u>
माधव सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# गत आ.व.२०७७।७८ को वजेटको समग्र  अवस्था

**सोच:**

समग्र विकासका एकीकृत संयोजन र परिचालन मार्फत गाँउपालीकाको समृद्धी, खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै गाँउपालीकालाई विकसित, आधुनिकीकरण मार्फत समग्र आर्थिक विकासमा टेवा पुर्याउने दीर्घकालिन सोंचका साथ यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

## <u>लक्ष्य :</u>

क) ब्यबसायीक कृषि , खाद्य सुरक्षा दिगो विकास मार्फत जनजीवनलाई सहज तुल्याउने ।

ख) गाँउपालिका भित्रका शैक्षीक पुर्वाधार संरचना तथा गुणस्तरमा सुधार ल्याउने ।

ग) कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरि आत्मनिर्भरता तथा आपूर्तिमा सहजता ल्याउने ।

घ) स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई आधुनिक र गुणस्तरीय वनाउने ।

ङ) स्थानीय स्रोत, साधनको खोजी तथा दिगो उपयोग गर्ने ।

# उदेश्य :

- विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमणको रोकथाम तथा नियन्त्रण गर्नु,
- भौतिक पूर्वाधार तथा मानवीय संसाधनको विकास गर्दै स्रोतसाधानको अधिकतम उपयोग गरी समृद्ध, समुन्नति, शान्तिपूर्ण गाउँपालिका स्थापना गर्नु,
- लक्षित समूह/वर्गहरुको विकासका लागि समावेशी, समानुपातिकको आधारमा सशक्तिकरण गराउँदै लैजानु,

# अपेक्षीत उपलब्धी:

क) स्थानीय सडक, भवन, सञ्चार, कृषि, शिक्षा लागयतका पूर्वाधारको दिगो विकास भएको हुनेछ ।

ख) गाउँपालिकाको विकासको लागि यस वर्षको बजेटले विकासको आधारशीलालाई थप मजवुत बनाउने छ र तिव्र आर्थिक सामाजिक विकास भएको हुनेछ ।

ग) गाउँपालिका क्षेत्रको तत्कालिन आवश्यकता पूरा भएका हुनेछन भने दीर्घकालिन योजनाहरु बनेका हुनेछन् ।

घ) स्थानीय साधन स्रोतहरुको खोजी भई दिगो उपयोग भएको हुनेछ ।

ङ) लक्षित वर्ग क्षेत्रका मानिसहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका हुनेछन् ।

च) पर्यटन क्षेत्रको विकास मार्फत आयस्तर वृद्धि भएको हुनेछ ।

छ) स्थानीय सरकारको सेवा प्रवाह शुसासनमैत्री भएको हुनेछ ।

# बजेट तर्जूमाका प्रमूख निति तथा आधारहरु

क) सहभागितामूलक योजना तर्जुमा पद्धति अनुसार वस्ती तथा टोलहरुबाट योजना तथा कार्यक्रम संकलन गरिएको थियो ।

ख) उक्त मागहरुलाई सवै वडा समितिले अन्तिम रुप दिई प्राप्त बजेट सिलिंग र मार्गदर्शनका परिधि भित्र रही योजना तथा कार्यक्रमहरु गाउँकार्यपालिका कार्यालयमा पेश गरियो ।


ग) गाउँकार्यपालिकाले गठन गरेको बजेट तथा कार्यक्रम तुर्जमा समितिले वडास्तरबाट आएका मागसाथै गाउँपालिका क्षेत्रमा आवश्यक योजना तथा कार्यक्रमहरु समावेस गरी अन्तिम रुप दिई गाउँ कार्यपालिका वैठकमा पेश गरियो ।

घ) गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभा वैठकमा पेश गरिएको छ ।

ङ) जनताको प्रत्यक्ष सहभागिता तथा विषयगत समितिमा व्यापक सहभागिता, छलफल र सहमतिमा यो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

# आ.व.२०७७।७८ को वजेटको समग्र अवस्था क्षेत्रगत

| आय तर्फ | रु. हजारमा | प्रतिशतमा |
|---|---|---|
| आर्थिक विकास तर्फ | २०००० | ३.१२ |
| सामाजीक विकास तर्फ | ३९७७५ | ६.२१ |
| पूर्वाधार विकास तर्फ | १३५८६५ | २१.२१ |
| वन वातावरण तथा विपद ब्यबस्थापन तर्फ | ११२०० | १.७५ |
| सुशासन संस्थागत विकास तर्फ | १०९३० | १.७१ |
| चालु तर्फ | ९८७९८.९४ | १५.४३ |
| संघवाट प्राप्त सशर्त अनुदान तर्फ | २५२१८२.२७० | ३४.०० |
| प्रदेशबाट प्राप्त समपूरक | १०००० | १.५६ |
| सामाजीक सुरक्षा कार्यक्रमामा खर्च हुने | ८५००० | १३.२७ |
| प्रदेशवाट प्राप्त शसर्त | ४२६० | ०.९६ |
| जि.स.स.वाट प्राप्त | ५००० | ०.७८ |
| जम्मा ब्यय तर्फ रु. | ६७३,०११.२१ | १०० |


शीर्षक
आर्थिक विकास
सामाजीक विकास
पूर्वाधार विकास
बन वातावरण तथा विपद ब्यवस्थापन
सुशासन संस्थागत विकास
चालु
संघवाट प्राप्त शसर्त
प्रदेशबाट प्राप्त समपूरक
सामाजीक सुरक्षा कार्यक्रम
प्रदेशवाट प्राप्त शसर्त
जि.स.स.वाट प्राप्त
१%
०%
०%
३%
६%
१३%
२%
२१%
२%
२%
३५%
१५%

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अवस्था (वित्तीय समानिकरण तर्फको खर्च)

| समानीकरण वजेट तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | २९७७५.० | २४९८७.३४० | ८३.९२ |
| सामाजिक विकास | ४९३९०.० | ४५६३४.६७३ | ९२.४ |
| पूर्वाधार विकास | ६२०८५.० | ५४६२५.५३३ | ८७.९९ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ४३००.० | ३६०४.४९० | ८३.८३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९५०.० | ५६७९.६२२ | ६३.४६ |
| जम्मा व्यय तर्फ रु. | १५४५००.० | १३४,५३१.६५८ | ८२.३२ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
## (शसर्त तर्फको खर्च)

| शसर्त वजेट तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ८000.0 | ४८२३.२२0 | ६१.0४ |
| सामाजिक विकास | २४00९६ | २0३६0२.१३५ | ८४.८ |
| पूर्वाधार विकास | 0 | 0 | 0 |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ३९00.0 | २५५३.५७२ | ६५.४८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १८६.२७0 | 0 | 0 |
| जम्मा ब्यय तर्फ रु. | २५२,१८२.२७ | २१0,९७८.९२७ | ७0.४४ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
## (अल्या र आन्तरीक श्रोत तर्फको खर्च)

| अल्या र आन्तरिक वजेट तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | १९५० | १८६१.९८९ | ९५.४९ |
| सामाजिक विकास | १३९४ | १३६४.६५९ | ९७.९ |
| पूर्वाधार विकास | ५५७४९.३७५ | ३२८५३.३८८ | ४३.३७ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ५९१३.६५८ | ३१५६.७५७ | ५३.३८ |
| जम्मा ब्यय तर्फ रु. | ६५,००७.०३३ | ३९,२३६.६११ | ७२.५३ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
## (राजश्व बाँडफाँड तर्फको खर्च)

| राजस्व वजेट तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ० | ० | ० |
| सामाजिक विकास | ० | ० | ० |
| पूर्वाधार विकास | १५००.० | १४८१.६४० | ९८.७८ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९७२९८.९४ | ६९४०७.११० | ७१.३३ |
| जम्मा ब्यय तर्फ रु. | ९८७९८.९४ | ७०,८८८.७५ | ८५.०५५ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अवस्था
# (प्रदेश समानीकरण तर्फको खर्च)

| प्रदेश समानीकरण वजेट तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| पूर्वाधार विकास | ४८००.० | ४६४१.९३४ | ९६.७१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २४७० | १४९६.१२० | ६०.५७ |
| जम्मा ब्यय तर्फ रु. | ७२७०.० | ६,१३८.०५४ | ७८.६४ |

# विषयगत क्षेत्र वार्षिक समिक्षा

## क) आर्थिक क्षेत्र

कृषि तथा पशु पन्छी विकास शाखा अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु । कृषक समूह सहकारी तथा फर्मसँगको साझेदारीमा बाँझो जग्गाहरुमा फलफूल खेती प्रबर्द्धन कार्यक्रम यस गाउँपालिकाको वडा नं. ४ र वडा नं. ७ मा सञ्चालन गरिएको च्याउँ खेती विस्तार प्रवर्द्धन कार्यक्रम यस गा.पा.को ६ र ७ मा सम्पन्न गरिएको, कृषि यन्त्र औजार उपकरणमा ७५% अनुदान कार्यक्रम सम्पन्न भएको । ४ वटा वडामा १ वडा १ नर्सरी कार्यक्रम सम्पन्न गरिएको । सामुहिक रुपमा खेती गराउने अभिप्रायले सञ्चालन गरिएको प्रस्तावनामा आधारित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम यसै गाउँपालिकाको वडा नं. ४ र ५ मा सम्पन्न गरिएको । युवा लक्षित तरकारी उत्पादन कार्यक्रम प्रत्येक वडामा २ जना युवा कृषक गरी जम्मा १६ जना कृषकहरुलाई युवा लक्षित तरकारी कार्यक्रममा सहयोग गरिएको । साना सिचाई विशेष कार्यक्रम अन्तर्गत १३ वटा साना सिचाई योजनाहरु सञ्चालन भई सम्पन्न भएका, भकारो सुधार कार्यक्रम अन्तर्गत ३५ वटा भकारो सुधार कार्यक्रमहरु सम्पन्न भएका, त्यस्तै उन्नत विउ रागो वितरण ३ वटा वडामा गरिएको आदि ।

# विषयगत क्षेत्र वार्षिक समिक्षा

क) आर्थिक क्षेत्र :

➢ कृषि तथा पशु पन्छी विकास शाखा अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु ।

## फोटोहरु







प्रस्तावनामा आधारीत कृषि कार्यक्रम वडा नं. ५ डुम्रीटार

कृषि विकास शाखा अन्तर्गतको साना सिँचाई कार्यक्रम अनुगमन गर्दा वडा नं ७





कृषि सम्बन्धी जनचेतना जगाउने सबै वडा कार्यालयमा होडीङ्ग बोर्ड स्थापना

उदयपुरगाढि १३५ कृषकले गराए माटो परिक्षण, व्यवसायीक खेतीमा जोड दिइने



UPAHARNEWS.COM

**उदयपुरगढिमा १३५ कृषकले गराए माटो परिक्षण, व्यवसायीक खेतीमा जोड दिइने**

Activ







८ वटै सबै वडा र गाँउपालीकामा कृषक समुह सञ्जाल स्थापना गरी सकीएको ।










# कृषकहरुलाई ७५ प्रतिशत अनूदानमा कृषि यन्त्र उपकरण वितरण

# ख) आर्थिक क्षेत्र (सहकारी तर्फ)

यस उदयपुरगढी गाउँपालिका सहकारी शाखा अन्तर्गत सहकारी व्यवस्थापन तालिम ३ वटा सञ्चालन गरिएको जसमा खर्च प्रति तालिम १५००००।- का दरले जम्मा ४५००००।- र एउटा एक दिने पूर्व सहकारी शिक्षा तालिम सञ्चालन गरिएको जसको खर्च रु ५००००।- का दरले जम्मा रु ५०००००।- खर्च भएको । यस आर्थिक वर्षमा जम्मा २ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् तिनीहरु निम्न प्रकार छन् ।

१ उदयपुरगढी शान्ति कृषि सहकारी संस्था लि. उ.गा.पा. ७ मिति २०७७।०९।०३

२ देउराली कृषि सहकारी संस्था लि. उ.गा.पा. ७ मिति २०७७।१२।१३

साथै निम्न संस्थाहरुको अनुगमन गरिएको जुन यस प्रकार छन् ।

१ शिवालय बचत तथा ऋण सहकारी सं.लि. उ.गा.पा. १

२ महाभारत जडीबुटी सहकारी सं.लि. उ.गा.पा. ३

३ रातमाटे कृषि सहकारी सं.लि. उ.गा.पा.३

४ महिला साना किसान कृषि सहकारी सं.लि. उ.गा.पा. ६

५ माथिल्लो चियाबारी कृषि सहकारी सं.लि. उ.गा.पा. ७ ।

# ख) सामाजिक क्षेत्र (स्वास्थ्य सेवा तर्फ)

स्वास्थ्य सेवा तर्फ महिला स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिएको । पालीका स्तरीय बार्षिक समिक्षा गोष्ठी सम्पन्न भएको ।

२०७७।११।२४ बृहत पोषण प्याकेज सम्बन्धी स्वास्थ्यकर्मीहरुको लागि ७ दिने आधारभुत क्षमता अभिवृद्धि तालिम सम्पन्न गरिएको । २०७७।१०।१८ ६८ औं विश्व कुष्टरोग दिवस सम्पन्न । २०७७।१०।११ विद्यालयमा विद्यार्थीहरुको लागि कुष्टरोग बारे जनचेतना तथा स्वास्थ्य परिक्षण कार्यक्रम । स्वास्थ्यकर्मीहरुको लागि आँखा, नाक, घाँटी, तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम २०७७।१०।२९ र ३० मा सम्पन्न गरिएको । महिला स्वास्थ्य स्वयमसेविकाहरुको लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिएको । महिला स्वास्थ्य स्वयमसेविकाहरुको २ दिने प्रथम अर्धवार्षिक समिक्षा गोष्ठी सम्पन्न । कोरोना रोकथाम तथा नियन्त्रण कार्यक्रम सम्पन्न गरिएको । क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत क्षयरोगका बिरामीको चौमासिक कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न । परिवार कल्याण कार्यक्रम अन्तर्गत मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला कार्यक्रम सम्पन्न भएको ।

## स्वास्थ्य सेवा क्रमशः

मातृ तथा नवशिशु कार्यक्रम सम्पन्न भएको । एकिकृत बाल स्वास्थय तथा पोषण कार्यक्रम अन्तर्गत पालिका स्तरमा खोप कार्यक्रमको समिक्षा, सुक्ष्म योजना अद्यावधिक, पालिका खोप समन्वय समितिको अभिमुखीकरण वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था स्तरीय अभिमुखीकरण पूर्ण खोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न । पोषण कार्यक्रम समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा अनसाइड कोचिङ कार्यक्रम सम्पन्न । महामारी रोग नियन्त्रण कार्यक्रम कोभिड १९ लगायतका विभिन्न महामारीजन्य रोगहरुको रोकथाम नियन्त्रण तथा निगरानीका लागि सरोकारवालाहरुको सँगको अन्तक्रिया तथा RRT स्वास्थ्यकर्मी परिचालन भएको । विभिन्न सरुवा रोग नसर्ने रोग सम्बन्धी अन्तक्रिया कार्यक्रम । अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम । स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी अर्न्तक्रिया कार्यक्रम सम्पन्न । उपचारात्मक सेवा कार्यक्रम अन्तर्गत स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन र सुद्धिढिकरण कार्यक्रम सम्पन्न ।

# स्वास्थ्य सेवा अन्तर्गत भएका कार्यक्रमहरुको केही झलकहरु:












# स्वास्थ्य सेवा अन्तर्गत भएका कार्यक्रमहरुको केही झलकहरु:









# ख) सामाजिक क्षेत्र (शिक्षा सेवा तर्फ)

आ.व. २०७७।७८ को संघिय तथा समानिकणर अनुदान तर्फका कार्यक्रमहरु समयमै सम्पन्न भएका छन् । नियमित रुपमा शिक्षक तथा विद्यालय कर्मचारीको तलव भत्ता निकासा गरिएको छ । शसर्त अनुदान तर्फका कार्यक्रमहरु विज्ञान प्रयोगशाला, आ.सि.टी.,पुस्तकालय, विद्यालय भौतिक पूर्वाधार निर्माण, दिवा खाजा, पाठ्यपुस्तक अनुदान, छात्रवृत्ति लगायतका विदालयसँग सम्वन्धित अनुदान वितरण समयमै गएिको छ । शिक्षा विकास तथा समन्वय इकाइको सहजिकरणमा कक्षा १-३ को पाठ्यक्रम प्रवोधिकरण तालिम कार्यक्रम गाउँपालिकाको लागत साझेदारिमा सम्पन्न गरिएको छ । नमुना विद्यालयको भौतिक पूर्वाधार निर्माण अनुदान अन्तर्गतको कार्यक्रमहरु गुरुयोजना अनुरुप सञ्चालन गरियो ।  कक्षा ८ को आधारभूत तह उत्तिर्ण परीक्षाको विद्यालयको आन्तरिक मुल्याङ्कनका आधारमा नतिजा प्रकाशन गरी लब्धाङ्कपत्रको प्रमाणिकरण गरिएको छ । त्यसैगरी शिक्षा ऐन तथा खेलकुद कार्यविधि मस्यौदा गाँउकार्यपालिकामा पेश गरिएको छ ।





# ख) सामाजिक क्षेत्र (उद्यम विकास तर्फ)

यस उदयपुरगढी गाउँपालिकामा **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम** अन्तर्गतको २०७७/७८ को आर्थिक वर्षको प्रगति यस पालिकामा घरधुरी सर्वेक्षण (PRA) ४ वटा गरी १२० जनाको सर्वेक्षण फारम संकलन गरियो । समूह गठन ९ वटा गरी समुहमा आवद्ध भएका उद्यमीहरुलाई उद्यमशिलता विकासका ४ वटा तालिम सम्पन्न गरियो । जसबाट १० वटा व्यवसाय छनौट भएका छन् त्यसको व्यवसायिक योजना तयारी गर्ने काम गरी ८६ जनालाई सिप तालिम दिन बाँकी रहेको छ । उद्यम विकास तालिमको लागि आएको बजेट १९६००००।- मध्ये ५७२०००।- (२९.१८%) रुपैयाँ खर्च भएको छ ।





# ख) सामाजिक क्षेत्र (प्र.रोजगार सेवा तर्फ)

**आ.व. २०७७/०७८ को प्रगती प्रतिवेदन**

1. रोजगार सेवा केन्द्रमा ७०४ जना बेरोजगारहरु सूचिकृत भएका ।
2. सुचिकृत बेरोजगार ब्यक्तिहरु मध्ये १९६ जनाले औसतमा ८५ दिनको रोजगारी प्राप्त गरेका ।
3. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि स-शर्त अनुदानबाट ज्यालाका लागि प्राप्त रु. १०९८३०००/- मध्ये रु. ८६९०८७३/-(७९.१३%) रकम ज्यालामा मात्र खर्च भएको ।
4. प्रधानमन्त्री रोजगार कार्यक्रम पालिकाको सबै वडाहरुमा सञ्चालन भएको ।
5. सबै बेरोजगारहरुको ज्याला बैंक खाता मार्फत भूक्तानी गरिएको ।
6. गाउँपालिका क्षेत्र भित्र उपलब्ध रोजगारीका अवसरहरुलाई सरोकारवालहरु समक्ष सम्प्रेषण गरिएको ।
7. निशूल्क रुपमा प्राप्त हुने विभिन्न किसिमका सीपमूलक तालिमहरु जानकारी सरोकारबालाहरु समक्ष पुर्‍याएको र निजहरुलाई अनलाईन फारम भर्न सहजिकरण गरेको ।
8. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गाउँपालिकामा १३ वटा सडक मर्मत, २ वटा सडकहरु नयाँ निर्माण र १ वटा सामुदायीक पूर्वाधार निर्माण अन्तर्गत श्री गैडाखोर आधारभूत विद्यालय निर्माण गरि जम्मा १६ वटा आयोजनाहरु सञ्चालन गरि सम्पन्न गरिएको ।
9. कार्यक्रमले अति विपन्नहरुको जीवनस्तर उकास्न सहयोग पुर्‍याएको ।
10. रोजगारदाताहरुलाई श्रमिकहरुको उपलब्धता सम्बन्धी जानकारी उपलब्ध गराउने गरिएको ।

# ख) सामाजिक क्षेत्र (प्र.रोजगार सेवा तर्फ)

प्रधानमन्त्री रोजगार सेवा तर्फ गरिएका कार्यहरुको केही झलकहरु














## ग) पुर्बाधार क्षेत्र

आ.व. २०७७।७८ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम पुर्वाधार मध्ये कोप्टी खोला मुहान गरी सिन्कौले खानेपानी वडा नं. ३, मा.वि. रातमाटे RCC चारकोठे भवन वडा नं. ३, २ नं. वडा कार्यालय भवन, बाल विकास अधुरो भवन निर्माण वडा नं. १, आधारभूत रत्नभञ्ज्याङ ट्रस्ट दुईकोठे भवन वडा नं. १, आ.वि. केउरिनी छात्रा शौचालय वडा नं ५, आ.वि. मौवासी छात्रा शौचालय वडा नं ५, मा.वि. डुम्रे २ कोठे ट्रस्ट भवन वडा नं. ४, वडा नं ६ वडा कार्यालय भवन, आ.वि. गैडाखोर दुई कोठे भवन निर्माण वडा नं ८, मा.वि भलायडाँडा RCC चारकोठे भवन वडा नं. ८, आ.वि. विरालीटार दुईकोठे ट्रस्ट भवन वडा नं. ७, ककनी विरालीटार सडक निर्माण तथा स्तरोन्नती वडा नं ७, रुम्जाटार पिढीबास सडक निर्माण तथा स्तरोन्नती वडा नं. ६, गोहीया खेल मैदान निर्माण वडा नं. ६, मा.वि. रुम्जाटार RCC चारकोठे भवन निर्माण वडा नं. ६, आधारभूत आ.वि. गेर्खे छात्रा शौचालय भवन निर्माण वडा नं. २, मा.वि. बेहोरीबोट खानेपानी ट्याङ्की निर्माण वडा नं. ६ आदि निर्माण सम्पन्न भएको ।

## ग) पुर्बाधार क्षेत्र

पूर्वाधार विकास क्षेत्र अन्तर्गत भएका कार्यहरुको केही तस्बीरहरु:

मा.वि. रुम्जाटार RCC चारकोठे भवन निर्माण वडा नं. ६ लागत ३६ लाख ।



वडा नं. ६ वडाभवन निर्माण सम्पन्न लागत ४८ लाख ।





आ.वि. गैडाखोर दुई कोठे भवन निर्माण वडा नं ८, लागत १२ लाख ।

## ग) पुर्बाधार क्षेत्र

पूर्वाधार विकास क्षेत्र अन्तर्गत भएका कार्यहरुको केही तस्बीरहरु:

आधारभूत रत्नभञ्ज्याङ ट्रस्ट दुईकोठे भवन वडा नं. १ लागत १३ लाख ।



कोप्टी खोला मुहान गरी सिन्कौले खानेपानी वडा नं. ३ लागत २० लाख ।

मा.वि. डुम्रे २ कोठे ट्रस्ट भवन वडा नं. ४ लागत १३ लाख ।





## ग) पुर्बाधार क्षेत्र

पूर्वाधार विकास क्षेत्र अन्तर्गत भएका कार्यहरुको केही तस्बीरहरु:

उदयपुरगढी गाउँपालिका आवास गृह निर्माण सम्पन्न लागत ८७ लाख ।



२ नं. वडा कार्यालय भवन निर्माण लागत ५७ लाख ।





ककनी विरालीटार सडक निर्माण तथा स्तरोन्नती वडा नं ७ लागत २५ लाख ।

## घ) वन, बाताबरण तथा विपद् व्यवस्थापन

आ.व. २०७७।७८ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण तर्फ श्रावण भाद्र महिनामा भएको अविरल वर्षाबाट भएको क्षति अनूरुप वडा नं. ३, ४, ६ र ७ का प्रभावित ब्यत्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको । स्थानीय विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराईएको ।

मिति २०७७।७८ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन तथा वातावरण तर्फ मंसिर देखि फागुन महिना सम्ममा आएको अविरल वर्षा, आगलागी, हावाहुरी, बाढी पहिरो तथा चटयाङबाट प्रभावित वडा नं. ४,५,६ र ७ का प्रभावित ब्यक्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको । स्थानीय विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराईएको । २०७७ चैत्र १२ महिना देखि २०७८ असार मसान्तसम्म वडा नं. १,३,४,५,६,७ र ८ मा घर आगलागी, हावाहुरी, बाढी पहिरो तथा चट्याङबाट प्रभावित व्यक्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराइएको ।

## ङ) सुशासन तथा संस्थागत बिकास

यस गाउँपालिकामा सेवा प्रवाहका विषयमा प्रविधि मैत्री बनाउन आधारभूत संरचनाहरु तयार गरिदै लगिएको छ, गाउँपालिकाको न्यायीक समिति, पूर्वाधारका कार्यक्रमहरुको योजनाहरु ब्यवस्थीत गर्न सफ्टवेयर मार्फत सबै वडाका योजनाहरु ईन्ट्री गरी सकिएको । खोलानालाबाट नदि जन्य पदार्थहरु निकाशीका लागी प्रारम्भीक वातावरणीय परिक्षण कार्य सम्पन्न भई मदन भण्डारी राजमार्गलाई नदिजन्य पदार्थ विक्री गरिएको अवस्था रहेको छ । तथा गाउँपालिकाको वास्तविक तथ्याङ्कमा आधारित भएर डीजीटल भिलेज प्रोफयल वनाउने काम सम्पन्न गरीएको छ ।








## वडा नं ३ ले आयोजना गरेको गाँउपालीका स्तरीय भलिवल प्रतियोगीताका केही दृष्यहरु

वडा नं. ४ स्वास्थ्य चौकी डुम्रेबाट काकुलोखोल्सा जाने बाटो प्र.म. रोजगार कार्यक्रमबाट निर्माण भएको ।




वडा नं. ८ आ.वि. गडीखोर भवन निर्माण लागत १२ लाख




वडा नं. ५ कोभिड अस्पताल लागत ६ लाख



वडा नं. [illegible] मा.वि. जल्केनी
स्तरोन्नती ४ लाख ५० हजार ।




वडा नं. ८ वासुङ्माला ठकुरीपाखा हुँदै
मझुवा जोड्ने सडक लागत ११ लाख




वडा नं. ६ मा.वि. नेपालटार
भवन निर्माण लागत १४ लाख



# फोटोहरु













स्वास्थ्य शाखा द्वारा गरिएका कार्यक्रमका केही झलकहरु

# फोटोहरु












**स्वास्थ्य शाखा द्वारा गरिएका कार्यक्रमका केही झलकहरु**

सुझाव एवं जिज्ञासाको लागि...
उदयपुरगढी गाँउपालिकाको
कार्यालयको आधिकारिक इमेल
udayapurgadhirm@gmail.com
मा सम्पर्क राख्नुहुन अनुरोध छ।

# धन्यवाद !